विधेयक संख्या :

# विनियोजन विधेयक

आलिताल गाउँ कार्यपालिकाको

कार्यालय, डडेल्धुरा ।

२०७५

विधेयक संख्या :

# विनियोजन विधेयक

आलिताल गाउँ कार्यपालिकाको

कार्यालय, डडेल्धुरा ।

२०७५

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि गाउँपालिका सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र वडा कार्यालयहरु र विभिन्न विषयगत शाखाहरुले प्रदान गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्य : यो विधेयक अर्थ विधेयक हो ।

(.बलबहादुर गुरुङ्ग.)

गाउँपालिका अध्यक्ष

# स्थानीय तहको विनियोजन ऐन

**आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५/३/२२

**प्रस्तावना:** आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम आलिताल गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७५ साउन १ गतेदेखि लागू हुनेछ ।

२.**आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २९०२१७००० (अक्षेरुपी २९ करोड २ लाख १७ हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम आलिताल गाउँपालिका सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन::** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त आलिताल गाउपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

४. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्था** : (१) आलिताल गाउँपालिकाले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछ।

क) यस गाउँपालिकाले आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

ग) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाईने,

घ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने।

५. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) गाउँपालिका सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा गाउँपालिकाले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

६. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** : (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथ मापदण्ड राजपत्रमा प्रकाशन गरिनेछ ।

७. **आदेश जारी गर्न सक्ने** : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा आलिताल गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

**अनुसूचि-१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## गाउँपालिका संञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| १ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|
| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
| १ | शसर्त | ० | ० | ० | १३२१०० |
| २ | गाउँ कार्यपालिकाको कार्यालय | ४५५३२ | ६४५८५ | ० | ११००१७ |
| ३ | वडा कार्यालय | | ४८००० | ० | ४८००० |
| ४ | बिषयगत शाखा | | | ० | |
| | कूल | | | ० | २९०२१७ |